प्रदेश सरकार
लुम्बिनी प्रदेश
# सूचना तथा संचार प्रविधि प्रतिष्ठान
मुकाम बुटवल, नेपाल

पत्र संख्याः
चलानी नं.:

दोस्रो पटक प्रकाशित मिति : २०७७।०९।१६

## क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्वन्धी सिलबन्दी प्रस्ताव आव्हानको पुन सूचना

यस प्रतिष्ठानको आ.व.२०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ पहिलो संशोधन, २०७३ को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन) को नियम ३१(ख) बमोजिम उत्पादक वा आधिकारिक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा हुने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिम **सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर)** संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताहरूको जानकारीको लागी यो सूचना पुन प्रकाशित गरिएको छ ।

१) खरिद गरिने सवारी साधनको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस प्रतिष्ठानबाट नि:शुल्क प्राप्त गर्न सकिने छ वा यस प्रतिष्ठानको वेवसाइट https://ictp.lumbini.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ ।
२) ईच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक विक्रेताले उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त गरेको अनुमति पत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०७६/७७ सम्मकोकर चुक्ता प्रमाण पत्र, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन १२ बजे भित्र यस कार्यालयमा सिलबन्दी प्राविधिक प्रस्ताव पेस गर्नु पर्दछ ।
३) दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन १४.०० बजे खोलिनेछ ।
४) सूचिकृत नभएका उत्पादक वा आधिकारिक बिक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराइन्छ ।
५) पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| सि.नं. | सवारी साधन | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल १५० सिसि थान ४ | • Petrol Engine of **150±1% CC** ,<br>• Power output not less than 12 PS,<br>• Torque not less than 12 Nm,<br>• Ground clearance not less than 160 mm,<br>• Kerb weight not less than **130** kg.<br>• Fuel Tank Capacity minimum 12 Ltr | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत विस्तृत प्राविधिक स्पेशिपिकेशन बमोजिम हुनेछ । |

कार्यकारी निर्देशक

कार्यकारी निर्देशक